चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०८२/०७/२८ गते

समय :- दिउँसो ठीक १:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ५४ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

## मिति २०८२/०७/२८ गतेको नगर कार्यपालिकाको ५४ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव | नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने । | |
| ३ | नवप्रवर्धन साझेदारी परियोजनाका लागि अवधारणा पत्र पेस गर्ने सम्बन्धी प्रस्ताव | यस चौरजहारी नगरपालिकाले चार वटा माध्यमिक विद्यालयको कक्षा ९ र १० मा **'प्रविधिमैत्री शिक्षाका लागि डिजिटल कक्षाकोठा व्यवस्थापन परियोजना'** कार्यान्वनयका लागि अवधारणा पत्र पेस गर्ने | |
| ४ | उद्यम विकास कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावमा | भवन तथा घरमा मार्बल लगाउने सम्बन्धी तालिम सञ्चालन गरी 'लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने' शीर्षकको बजेट कार्यान्वनय गर्ने । | |
| ५ | बालमैत्री स्थानीय शासन कार्यान्वनय गर्ने सम्बन्धी प्रस्ताव | यस चौरजहारी नगरपालिकालाई बालमैत्री स्थानीय शासन नगरपालिका घोषणा गर्न बालमैत्री स्थानीय शासन निर्देशिका, २०७८ को दफा १० (क१) बमोजिम बालमैत्री स्थानीय शासन कार्यान्वनय गर्ने । | |
| ६ | नदीजन्य पदार्थको विक्रीवितरण सम्बन्धी प्रस्ताव | नदीजन्य पदार्थको विक्रीवितरणका लागि तीन पटकसम्म बोलपत्र आह्वान गर्दा पनि बोलपत्र पेस हुन नआएकोले नगरपालिका कार्यालय आफैंले नगर प्रहरीमार्फत् राजश्व सङ्कलन गर्ने । | |
| ७ | दुग्ध सङ्कलन केन्द्र भवन र चिलिङ भ्याट हस्तान्तरण गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका-११, रुकुम (पश्चिम) मा रहेको दुग्ध सङ्कलन केन्द्र भवन तथा चिलिङभ्याट सर्केना ज्यूला दुग्ध उत्पादन सञ्चालक कृषक समूह चौरजहारी नगरपालिका-११, रुकुम (पश्चिम) हस्तान्तरण गर्ने । | |
| ८ | स्वास्थ्य बिमा र पाँच युनिटसम्मको खानेपानी महसुल शीर्षकको बजेट कार्यान्वनय सम्बन्धी प्रस्ताव | स्वास्थ्य बिमा र न्यूनतम ५ युनिट खपत गर्ने नागरिकाहहरूको लागि विजयश्वरी सुख्खा खानेपानी उपभोक्ता समितिलाई रकम भुक्तानी शीर्षकको बजेट अर्थ मन्त्रालयमा राय माग गरी सोहीबमोजिम कार्यान्वयन गर्ने । | |
| ९ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. आयोजनाको निर्माण कार्यका लागि अस्थायी रुपमा क्रसर सञ्चालनको अनुमति प्रदान गर्ने ।<br>२. विपन्न नागरिकहरू मने खड्काको काजकिरिया खर्च र चन्द्रे सार्कीको उपचारका आर्थिक सहायता प्रदान गर्ने । | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

मिति २०८२/०७/२८ गतेको ५४ औं नगर कार्यपालिकाको बैठकमा पेस भएका प्रस्तावित निर्णयहरू

**निर्णय नं. १ : प्रस्ताव नं. १ 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'नवप्रवर्धन साझेदारी परियोजनाका लागि अवधारणा पत्र पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम प्रदेश कार्यक्रम सहयोग इकाइ नवप्रवर्धन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेस गर्ने सम्बन्धी २०८२ असोज ३१ गते प्रकाशित सूचना बमोजिम नवप्रवर्धन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ को ११ (ख) बमोजिम कुल लागत अनुमान ७८ लाख मध्ये नगरपालिकाले व्यहोर्नुपर्ने ३० प्रतिशले हुन आउने रकम २३ लाख ४० हजार रकम साझेदारी गरी यस चौरजहारी नगरपालिकाले चार वटा माध्यमिक विद्यालयको कक्षा ९ र १० मा **'प्रविधिमैत्री शिक्षाका लागि डिजिटल कक्षाकोठा व्यवस्थापन परियोजना'** कार्यान्वनयका लागि अवधारणा पत्र पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'उद्यम विकास कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) लाई आर्थिक वर्ष २०८१/०८२ को ससर्त स्वीकृत बजेट तथा कार्यक्रम 'गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम 'लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने' शीर्षकको रु. ३ लाख ३६ हजार बजेट निर्देशिकाको दफा २२ बमोजिम भवन तथा घरमा मार्बल लगाउने सम्बन्धी तालिम नगरपालिका क्षेत्रभित्रका तालिम लिन इच्छुक व्यक्तिबाट माग सङकलन पश्चात् छनोट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** : प्रस्ताव नं.५ **'बालमैत्री स्थानीय शासन कार्यान्वनय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकालाई बालमैत्री स्थानीय शासन नगरपालिका घोषणा गर्न बालमैत्री स्थानीय शासन निर्देशिका, २०७८ को दफा १० (क१) बमोजिम बालमैत्री स्थानीय शासन कार्यान्वनय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**: प्रस्ताव नं. ६ **''नदीजन्य पदार्थको विक्रीवितरण सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका अन्तर्गत पर्ने भेरी नदीको बाँसखोला, कुरल, रानी सागर, लामा बगरका साथै जहारीखोलाका मेलेनाउली, नार्जी, कालीगार लगायतका स्थानहरूबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर सङ्कलन र विक्रीवितरण सम्बन्धमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनबमोजिम मिति २०८२ भाद्र १८ गते प्रथम पटक, २०८२ असोज २४ गते दोस्रो पटक र २०८२ कार्तिक १२ गते तेस्रो पटक विद्युतीय बोलपत्रमार्फत् बढाबढमा नदीजन्य पदार्थ बिक्रीवितरणका लागि राष्ट्रिय दैनिक पत्रिकाका सूचना जारी गर्दा पनि कुनै पनि बोलपत्रदाताले बोलपत्र पेस हुन नआएकोले नगरपालिका क्षेत्रभित्र निर्माण हुने सार्वजनिक तथा निजी संरचना निर्माणका लागि नदीजन्य पदार्थ अति आवश्यक भएकोले अब उप्रान्त ढुङ्गा, गिट्टी, बालुबा र दहत्तरबहत्तर सङ्कलन र बिक्रीवितरणका लागि पुन: सूचना आह्वान नगरी नगरपालिका कार्यालय आफैंले नगर प्रहरीमार्फत् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा



शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

६२ (क) र चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्थाबमोजिम बिक्रीवितरण गरी राजश्व सङ्कलन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'दुग्ध सङ्कलन केन्द्र भवन र चिलिङ भ्याट हस्तान्तरण गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम 'दुग्ध सङ्कलन केन्द्र निर्माण र चिलिङ भ्याट खरिद तथा जडान समेत' शीर्षकको बजेटबाट निर्मित चौरजहारी नगरपालिका-११, रुकुम (पश्चिम भाग) मा निर्मित दुग्ध सङ्कलन केन्द्र भवन र चिलिङ् भ्याट सञ्चालन, व्यवस्थापनका लागि सर्केना ज्यूला दुग्ध उत्पादन सञ्चालक कृषक समूह चौरजहारी नगरपालिका-११, रुकुम (पश्चिम) ले हस्तान्तरण गरि पाऊँ भनि माग गरेबमोजिम तहाँ रहेको भवन र उपकरणको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारको सम्पूर्ण जिम्वारी तथा जवाफदेहिता उक्त कृषक समूहको हुने तथा उक्त संरचना तथा उपकरणको स्वामित्त्व नगरपालिकामा रही कृषक समूहले बिक्रीवितरण गर्न नपाउने गरी उक्त कृषक समूहलाई दुग्ध सङ्कलन केन्द्र भवन र चिलिङ् भ्याट हस्तान्तरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ **'स्वास्थ्य बिमा र पाँच युनिटसम्मको खानेपानी महसुल शीर्षकको बजेट कार्यान्वनय सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमबमोजिम स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन गर्न लाभग्राही छनोटका लागि मिति २०८२ भाद्र २९ गते सूचना प्रकाशन भइ निवेदन समेत सङ्कलनको कार्य सम्पन्न भएको साथै न्यूनतम ५ युनिट खपत गर्ने नागरिकाहहरुको लागि विजयश्वरी सुख्खा खानेपानी उपभोक्ता समितिलाई रकम भुक्तानी शीर्षकको बजेट कार्यान्वनयका लागि उक्त खानेपानी संस्थासँग समेत सहमति जनाइसकेको अवस्थामा अर्थ मन्त्रालययको चलानी नम्बर ११८ मिति २०८२ असोज ७ गतेको निर्णय कार्यान्वयन गर्ने / गराउने सम्बन्धमा लेखिएको परिपत्र अनुसार बजेट कार्यान्वनयको प्रक्रिया भइसकेको उक्त स्वास्थ्य बिमा र न्यूनतम ५ युनिट खपत गर्ने नागरिकाहहरूको लागि विजयश्वरी सुख्खा खानेपानी उपभोक्ता समितिलाई रकम भुक्तानी शीर्षकको बजेट कार्यान्वनयमा बाधा पर्ने हो वा होइन सम्बन्धित मन्त्रालयमा राय माग गरी सोहीअनुसार गर्ने निर्णय गरियो।

**निर्णय नं. ९** : प्रस्ताव नं. ९ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका विभिन्न आयोजनाहरूको निर्माण कार्यका लागि अस्थायी रूपमा सञ्चालन अनुमति पाएका क्रसर उद्योगहरूले नवीकरण गरि पाऊँ भनि रौताहा कन्स्ट्रक्सन प्रा.लि. त्रियुगा नगरपालिका-२, उदयपुर र एम.वि. कन्स्ट्रक्सन चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम भाग) ले क्रसर सञ्चालनका लागि निवेदन पेस गरेबमोजिम प्रचलित कानुनको परिधीभित्र रही उक्त निवेदनमा उल्लेखित आयोजनाको निर्माण कार्य अवधिभर क्रसर सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** : प्रस्ताव नं. ९ **'विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका वडा नं. १३ रुकुम (पश्चिम भाग) बस्ने ४० वर्षका मने खड्का रोजगारीको सिलसिलमा भारतको क्षत्री भन्ने ठाउँमा २०८२ साउन २ गते गाडी दुर्घटनामा परी मृत्यु भएकोले आर्थिक अवस्था कमजोर भएकी गरिव विपन्न मृतककी श्रीमती रिता खड्कालाई काजकारिया खर्च स्वरुप रु. २५ हजार र चौरजहारी नगरपालिका-१२, रुकुम (पश्चिम भाग) निवासी चन्द्रे सार्कीलाई गोरुले लडाएर देब्रे हात भाँचिएको अवस्थामा गरिव तथा विपन्न आर्थिक अवस्था भएकोले निजको उपचार खर्चको लागि रु. १० हजार आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

**यसरी आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**



शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख